परियत्ति
PARIYATTI BULLETIN बुलेटीन

नेपाल बौद्ध परियत्ति शिक्षा
स्थापित बु.सं. २५०७

पञ्ञा नरानं रतनं

# परियत्ति
PARIYATTI BULLETIN बुलेटीन

सुत्तन्तेसु असन्तेसु,
पमुट्ठे विनयम्हि च ।
तमो भविस्सति लोको,
सुरिये अत्थेङ्गते यथा ॥
सुत्तन्ते रक्खिते सन्ते,
पटिपत्ति होति रक्खिता ।
पटिपत्तियं ठितो धीरो,
योगक्खेमा न धंसति ॥

अर्थ – सूत्र रहेन भने र विनय नष्ट भयो भने यो लोक त्यस्तै प्रकारले अन्धकारपूर्ण हुन्छ, जसरी सूर्य अस्ताउँदा हुन्छ । सूत्र रक्षा भइर हयो भने प्रतिपत्ति रक्षा हुन्छ, प्रतिपत्तिमा स्थिर भइरहने धीर पण्डित योगक्षेम निर्वाण प्राप्त गर्नमा विमुख हुँदैन ।
(मनोरथपूरण अं.नि. अटठकथा)

बर्ष - २ अंक - ५ बुद्ध सम्वत २५५० वि.स २०६३ असार नेपाल सम्वत ११२६ इं.सं. २००६ सहयोगार्थ रू- ५/-

# परियत्ति, प्रतिपत्ति र प्रतिवेधको क्रमिक अभ्यास

*– सयादो ऊ. आसभाचार*

तथागत देशित, निर्देशित उपदेश विनय, अभिधर्म र सूत्र (परियत्ति) वाङ्मयभित्र समावेश भइराखेका स्मृतिप्रस्थान आचरण पद्धति अनुरूप प्रत्यक्ष रूपले आचरण, भाविता, उद्योग एवं अभ्यास गर्नुलाई प्रतिपत्ति शासन भनिन्छ ।

नमुनाको रूपमा सूत्रपिटकदेशना धर्मचक्र प्रवर्तन सूत्रमा देशना गरिराख्नु भएको आर्य अष्टाङ्गिक मार्ग र चार आर्य सत्य, महास्मृतिप्रस्थान सूत्रमा देशना गरिराख्नु भएका चार स्मृतिप्रस्थान, चार सम्यक् प्रधान, सप्त बोध्यङ्ग आदि बोधिपक्षिय धर्म सप्तत्रिंश, साक्षात् रूपमा भाविता, उद्योग र अभ्यास गर्न योग्य आचरण धर्महरू हुन् ।

यो स्मृतिप्रस्थान आचरण धर्मलाई देशनानूकुर सिकाइपढाई निर्देशन दिइरहेको कर्मस्थान क्षेत्र (भावनाराम) हरू, आफु स्वयमको भाविताद्वारा उद्योग र अभ्यास गरिरहेका योगी साधक सत्पुरूषहरू, कर्मस्थान क्षेत्र विकासको निमित्त चतुप्रत्ययद्वारा सहयोग एवम् सहायता पुऱ्याइरहने भिक्षु, श्रमण र गृहस्थ धेरै जनताहरू पनि बुद्धोपदेश प्रतिपत्तिशासन शुद्ध, स्थिर र उन्नतिको निमित्त महत्व दिई कार्यरत रहेका धर्मदूत शासन प्रचारक व्यक्तिहरू नै हुन ।

## विशिष्ट फललाभ प्रतिवेध शासन

परियत्ति, (अध्ययन अनुभूति) र प्रतिपत्ति (प्रत्यक्ष अनुभूति)द्वारा लाभ हुने मार्गज्ञान फलज्ञान र निर्वाणसम्मको विशिष्ट फलधर्मलाइ प्रतिवेध शासन भन्दछ । बुद्धोपदेश प्राप्तगर्न आकांक्षा एवम् अभिलाषा भएका बुद्धशासनिक व्यक्तिहरूले यो अध्ययन, आचरण र फललाभ भन्ने त्रिविध शासनलाई क्रमबद्धरूपमा प्रयत्न साथै उद्योग एवम् अभ्यास गर्दै लैजानु आवश्यक छ । बौद्ध वाङ्मयमा बुद्धशासन शुद्ध स्थिर गर्न फलिभूत प्रवर्द्धित, विशाल पुष्करणिको उदाहरण दिइराखेको पाइन्छ । त्यो विशाल पुष्करणि रमणीय र शोभनीय भइराख्नुमा पुष्करणिको किनारा, पानी र पद्म पुण्डरिक आदि पुष्पहरू, पातहरू, डाँठहरू आ-आफ्नो ठाउँमा काम लाग्ने महत्वपूर्ण हुने हुन्छ । त्यसरी नै पुष्करणि जस्तो बुद्धशासन शुद्ध स्थिर गराइनुमा पनि पुष्कर णिको किनारा जस्तो परियत्ति, पुष्करणि भित्रको पानी जस्तो प्रतिपत्ति र पानीमा उम्री रहने पद्म पुण्डरीकादि विभिन्न जातका पद्म पुष्पहरू जस्तो प्रतिवेध यी त्रिविध शासन क्रमबद्धरूपमा कारणकार्यको सम्बन्ध रहेको भई, आ-आफ्नो क्षेत्रमा कामलाग्ने महत्वपूर्ण हुने नै हुन्छन् ।

## ग्रन्थानुभुति र प्रत्यक्षानुभुति भएमा मात्र बुद्धछन्दसित मिल्ने छ

तथागत बुद्धको आकांक्षा एवम् अभिलाषा पनि शिष्य श्रावकहरूलाई परियत्ति प्रतिपत्ति शासनबाट अलग्याएर राख्न चाहनुहुन्न । ग्रन्थानुभुति र प्रत्यक्षानुभुति दुवैलाई जोडी मार्गफल र निर्वाण सुख लाभ हुने प्रतिवेध नामक फलशासन परिपूर्ण गराइर ख्न मात्र महत्व दिइरहनु हुन्छ । तथागत देशित विनय पिटकमा दक्ष एवम् परिपक्व भई विशेषताले युक्तहुनु भएको विनय एतदग्ग उपाधिधारी आयुष्मान उपालि स्थविर लाई धेरै बुद्धशासनिक व्यक्तिहरूले जानीराखि सकेकै छन् । आयुष्मान उपालि भर्खर भर्खर भिक्षु जीवनमा प्रवेश हुनु भएको अवस्थामा सुनसान अरण्य विहारमा जानु भई भावना अभ्यास गर्न चाहेकाले तथागत समक्ष कर्मस्थान याचना गर्न जाँदा तथागतले आज्ञा हुनु भएको के त भन्दा "उपालि, अरण्य विहारमा गई कर्मस्थान भावना उद्योग एवम् अभ्यास गर्न गएमा प्रतिपत्ति (आचरण) कार्य एउटा मात्र उद्योग एवम् अभ्यास गर्न पाइने छ । मेरो नजिक बसेको खण्डमा परियत्ति (अध्ययन) दुवै उद्योग एवम् आचरण गर्न पाइने छ" भन्ने थियो ।

आयुष्मान उपालि बुद्धको कथन अनुसार भगवान् बुद्धको तर्फबाट विनय पिटक (परियत्ति) लाई पनि महत्व दिई जानी बुझा स्वाध्याय गरा विनय एतदग्ग उपाधिद्वारा पुरस्कृत भए । भगवान बुद्धको निर्देशन अनुरूप विपश्यना भावनाक्रम (प्रतिपत्ति) लाई पनि भावितागर्ने स्मृति राख्ने गर्नुद्वारा अर्हत् स्थविर पनि हुन भयो ।

तथागतका श्रावक आयुष्मान पोट्ठिल बुद्धोपदेश विनय, अभिधर्म र सूत्रपिटक कण्ठस्थ पारी धेरै शिष्य भिक्षुसंघलाई परियत्ति वाङ्मय अध्ययन, अध्यापन गराई आफूले आफूलाई गौरव मानिरहेको व्यक्ति थियो । उहाँ आयुष्मान पोट्ठिल स्थविर जहिले पनि तथागत समक्ष जाँदा तथागतले "तुच्छ तुच्छ" भनि परियत्ति मात्रमा सन्तोष मानि प्रतिपत्तितिर दिलचस्पी नभएकोले "रित्तिएको, रित्तिएको " भनि भविष्यको परिणाम विचार गर्नुभई दोप दिई उपहास गरेर सम्बोधन गर्ने गर्नुहुन्थ्यो । त्यो बेला धुरन्धुर ग्रन्थधारी आयुष्मान पोट्ठिलले लाज मानी भावना एवम् उद्योग अभ्यास गर्ने निश्चय गर्नुभयो । तत्पश्चात अरण्यवासी तीस जना संघको माझमा सबभन्दा कान्छो सात वर्षको सानो श्रामणेरको निर्देशन अनुसार भावना, उद्योग एवम् अभ्यासगर्दै जानुभएको बेला केही समय भित्रमै वहाँ पनि एकजना अर्हत स्थविर हुनुभयो ।

यो दुई विषयलाई परामर्श गरेर हेर्नुद्वारा नै बुद्ध इच्छा र आकांक्षा अनुमान ज्ञानद्वारा हामीले जान्न सकिन्छ । तसर्थ बुद्धोपदेश त्रिविध शासन शुद्ध र स्थिर राख्न प्रचारप्रसारकार्यलाई दिलोज्यान दिई माथि उचाल्नु सुदृढ पार्नु विशेष आवश्यक भएको छ । "अध्ययन, आचरण र प्रतिफल भन्ने त्रिविध शासन शुद्ध स्थिर राख्न हामी अगाडि बढ्नु पऱ्यो, अगाडि बढौं ।"

*अनुवादक : भिक्षु ज्ञानपूर्णिक*
*श्रोत : परियत्ति रजत जयन्ती स्मारीका*

**परियत्ति प्रतिज्ञा** :- नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरु सिक्ने मौका पाएँ । यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो मन, वचन र कर्मले पालन गर्नेछु । मैले यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउनेछु । यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले नेपालमा बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्नभै सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु ।

नेपाल बौद्ध परियत्ति शिक्षा
परियत्ति त्रैमासिक बुलेटीन

*सम्पादक*
भिक्षु बोधिज्ञान

*प्रबन्ध सम्पादक*
विरत्न मानन्धर

*सम्पादन सहयोगी*
बासुदेव देशार

*सहयोगीहरु*
सामणेरहरु ओभासो,
महिन्दो, सुभद्रा महर्जन
सुवर्ण महर्जन

*विशेष सहयोगी*
सामणेर जनक

*कम्प्युटर सेटिङ्ग*
प्रकाश डंगोल(टोखा)

यस परियत्ति त्रैमासिक बुलेटीन प्रकाशनार्थ सहयोग गर्दिनुभई परियत्ति शिक्षा प्रति माया र सद्भाव राख्नु हुन विनम्र अनुरोध गरिन्छ ।

सम्पर्क सचिवालय
**विश्व शान्ति विहार**
*मीनभवन, काठमाडौं*
पो.ब.नं - ८९७३,
एन.पी.सी. - ३२७,
फोन नं. ४-४८२९८४/
४-४८२२५० (+Fax)

*सम्पादकीय*

# परियत्ति शिक्षाको आफ्नै विशेषता

२५४९ औं बुद्ध जयन्तीको परीक्षा यसपालि केही महिना पछि हुन गयो। साविकको परीक्षा तालिका भन्दा २ महिना पछाडी सारिएको यस वर्षको परीक्षा जन आन्दोलनको कारणले दुईपटक स्थगित गर्नुपर्‍यो । यसरी विषय परिस्थितिको कारणले परीक्षार्थिहरूले अन्योल र मुश्किलको सामना गर्नुपर्‍यो। यसको बाबजूद पनि उल्लेखनीय संख्यामा विद्यार्थीहरूले परीक्षामा भाग लिनु र राम्रो श्रेणीमा अधिकतम विद्याथीर्रूहरू पास हुनुलाइ सन्तोष जनक नै मान्नुपर्दछ।

पूर्णरूपले जनस्तरबाट संचालित र श्रद्धालुहरूबाट व्यवस्थित परियत्ति शिक्षाले ४४ वर्ष पार गरी ४५ औं वर्षमा प्रवेश गरेको छ। यति लामो समयसम्म अटुटरूपले शिक्षण संस्थाको रूपमा गतिमान रहन सक्नुको मूल कारण बुद्ध शिक्षाको उपादेयता र यसप्रति भएको अटल श्रद्धा नै हो।

शिक्षा केवल भौतिक सुखसुविधा प्राप्त गर्नको लागि आवश्यक कागजको खोस्टो (प्रमाणपत्र) हासिल गर्ने विद्यार्थीहरू र लगानी गरेर अधिकतम प्रतिफल प्राप्त गर्ने शिक्षकहरूको मात्र क्रय विक्रय गर्ने विषय भइरहेको वर्तमान परिप्रेक्ष्यमा परियत्तिलाई मात्र सही शिक्षाको रूपमा प्रस्तुत गर्न सकिन्छ। किनभने यस शिक्षाको माध्यमबाट मात्र बुद्धको शान्ति सन्देशलाई ग्रहण गर्ने मौका दिन्छ। जसको शान्ति सन्देशबाट नैतिकता, अनुशासन, संयम, सद्भावना इत्यादि सद्‌गुणहरू विकसित गर्न मद्दत गर्दछ र समाजका विसंगतिहरूलाई हटाउन योगदान गर्दछ।

परियत्ति शिक्षा बाल्यकालदेखि नै शुरू गर्ने शिक्षा भएकोले बालकको कोमल मस्तिष्कमा बुद्धको सन्देश प्रवेश भई जीवनपर्यन्त त्यस शिक्षाले संस्कारका रूपमा रहि मार्ग निर्देशन गरिरहेको हुन्छ ।

बुद्धको शिक्षा अध्ययन गर्नुको मतलब दर्शन छाँट्ने र पण्डित्याँई देखाउने होइन यो त सरल, सहज र निर्दोषपूर्वक जीवन बिताउने र मनुष्य जीवनलाई अधिकतम जीवन बिताउने र मनुष्य जीवनलाई अधिकतम उपयोग गर्ने कला हो भन्ने कुरा परियत्ति शिक्षालाई गम्भिर पूर्वक अध्ययन गर्ने विद्यार्थीहरूले बुझेका हुन्छन् ।

यस्तो महत्वपूर्ण विशेषताले पूर्ण भएको परियत्ति शिक्षालाई संरक्षण र संबर्द्धन गर्नु प्रत्येक शान्तिकामि जनमानसको सरोकारको विषय हुन्छ भने झन बुद्धप्रति श्रद्धा राख्नेहरूको त पुण्यक्षेत्रको रूपमा रहेको यस क्षेत्रको विकास गर्न तन, मन र धन अर्पण गर्नु कर्तव्य नै हुन आउँछ। अस्तु।

# विभिन्न जिज्ञासा विभिन्न व्यक्तित्व

**– प्रस्तुती : श्रामणेर जनक**

**१) तपाई बौद्ध परियत्तिसाग सम्बद्ध उपासक भएको नाताले बौद्ध परियत्तिलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

ने.बौ.प.शि. नेपालको निम्ति शिक्षा जगतमा एक अपरिहार्य आवश्यकता हो । बुद्धको जन्मस्थल भएर पन यहाँ बौद्ध शिक्षाको क्रमबद्ध अध्ययन गर्ने परिपाटी नहुनु दुःखको कुरा हो । ने.बौ.प.शि ले निजी स्तरमा भएपनि आफ्नै सिमित साधन र श्रोत जुटाए । नेपाल अधिराज्यका विभिन्न स्थानमा कक्षागत रूपमा बुद्धका उपदेशहरू अध्ययन अध्यापन गराउँदै आउनु कम उत्साहजनक कुरो होइन । हुन त यसलाई हालसम्म पनि सरकारी मान्यता नपाउनु, साधन र श्रोतको अभाव आदि विभिन्न समस्याहरूले गर्दा यसको व्यापक विकास अझसम्म पनि हुन सकेको छैन ।

*– महेन्द्ररत्न शाक्य (परियत्ति ज्योति - १ बाट)*

**२) बौद्ध परियत्तिले तपाईको जीवन सफल गराउन कस्तो योगदान गरेको जस्तो लाग्छ ?**

परियत्ति शिक्षा धारण र पालन गर्न सक्यो भने हाम्रो जीवन अवश्य सफल हुन्छ । परियत्ति शिक्षाबाट सुख र शान्तिको उपाय शील, समाधि र प्रज्ञाको मार्ग अनुसरण गर्ने प्रेरणा तथा मार्ग दर्शन प्राप्त गर्न सक्ने भएको हुनाले यो परियत्ति शिक्षाको ठूलो योगदान रहेको छ ।

*– अमिता धाख्वा (परियत्ति ज्योति - २ बाट)*

**३) आजको परिप्रेक्ष्यमा विभिन्न जनजातीहरू जस्तै मगर, गुरुङ्ग, तामाङ्गहरूबीच परियत्ति शिक्षा कसरी पुऱ्याउन सकिएला ?**

नेपालका जनजातीहरूमा केही समय यता देखि बुद्ध धर्मप्रति श्रद्धा अभिवृद्धि हुँदै आइरहेको परिप्रेक्ष्यमा वहाँहरूको माझमा परियत्ति बुद्धशिक्षा पुऱ्याउनु नितान्त आवश्यक भइरहेको छ । यसका लागि नेपालमा बौद्ध परियत्ति आवश्यक भएको छ । बौद्ध भिक्षुहरू, परियत्ति केन्द्रहरू र बौद्ध संघसंस्थाहरू एकजुट भई वहाँहरूलाई उपयुक्त हुने कार्यक्रमहरू संचालन गर्नु आवश्यक भइरहेको छ । हाल बौद्ध जागरण शिविर आयोजना गरी बुद्धधर्म सम्बन्धि शिक्षा दिने कार्यहरू बौद्ध भिक्षुहरू तथा संघसंस्थाहरूबाट भइरहेका छन् । यस्ता कार्यहरू अझ प्रभावशाली ढंगले अघि बढाउन सकेमा यसले निश्चय पनि सकारात्मक प्रभाव पार्न सकिन्छ ।

यसरी शिविरहरूको आयोजना पछि जनजातिहरूको बाहुल्य भएको गाउँमा गई वहाँहरूकै अग्रसरतामा बौद्ध जागरण शिविर र बौद्ध परियत्ति शिक्षा संचालन गर्ने कार्य हुनु पर्दछ । यसका लागि भिक्षुहरू, अनागारिकाहरू, बौद्ध परियत्तिका उपाधि प्राप्त विद्यार्थीहरू तथा बौद्ध विद्वानहरूलाई परिचालन गर्न एउटा मजबुत संस्थाको आवश्यक भएको छ ।

*– त्रिरत्न मानन्धर (परियत्ति ज्योति - ३ बाट)*

**४) यस शिक्षाप्रति नयाँ पिढीलाई आकर्षित गर्न के कस्तो कदमहरू चालिए राम्रो होला ?**

नयाँ पुस्तालाई यस शिक्षाप्रति आकर्षित बनाउन मेरा विचार मा विद्यालयस्तरमा परियत्ति संचालन गरिनु पर्छ । दोश्रो कुरा परियत्ति शिक्षकहरू सक्षम हुनुपर्छ । कक्षा जति सानो भयो, त्यति बढी गुणस्तरिय शिक्षक/शिक्षिकाहरू चाहिन्छ । कक्षामा नियमित बनाउन विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप समय समयमा पुरस्कारको व्यवस्था गरिनु पर्छ । समयानुकुल पिकनिक तथा दृश्यवलोकन गराउन लैजाने तथा विद्यार्थीहरूलाई आकर्षित तुल्याउने विविध अतिरिक्त क्रियाकलापहरूको संचालन गरिनु पर्छ ।

*– नानीमैया मानन्धर (परियत्ति ज्योति - ४ बाट)*

**५) परियत्ति शिक्षाको अध्ययनबाट तपाईलाई के कति लाभ भएको ठान्नुहुन्छ ?**

परियत्ति शिक्षाले औपचारिक अनौपचारिक रूपमा आफले अध्ययन गर्दै गर्दा आफ्नो समुदाय, सामाजिक व्यवस्था, समाजमा रहेको समस्या व्यक्तिमा विद्यमान मानवीय एवं मानसिक कमजोरीहरू बुझ्न सरल भएको छ । यसका साथै आफ्नो मनोविज्ञान विश्लेषण गर्न र मानसिक धरातल फराकिलो पार्न सहयोग मिलेको छ ।

आफ्नो नैतिकतालाई एकातिर पन्छाई धन र स्वार्थको लागि जस्तोसुकै भ्रष्ट आचरण गर्न पछि नपर्ने प्रशासकीय, राजनैतिक एवं व्यापारीक व्यवहारमा सामान्य भइसकेको छ । जसले देश विकासको बाटोमा टगारा बनेको छ । देशको यस्तो नाजुक स्थितिलाइ मनन गरी देश एवं समाजका लागि फाइदा एवं मंगलको लागि बौद्ध परियत्ति जनजनमा फैलाई देशका जिम्मेवार व्यक्तिहरूको चरित्र निमांण गर्न परियत्ति शिक्षाले ठूलो भूमिमा खेल्न सक्छ ।

यसको लागि परियत्ति केन्द्रदेखि लिएर समस्त आर्थिक र बौद्धिक रूपले सक्षम, सबल बौद्धहरूको आपसी सहयोग र परिश्रम जरूरत छ । भूतपुर्व परियत्तिका विद्यार्थीहरूको समागम, भिक्षुहरूबाट सुयोग्य व्यवस्थापन एवं सहभागिता, कुशल व्यवस्थापन, परिमार्जित पाठ्यक्रम, प्रशिक्षक एवं विद्यार्थीहरूलाई प्रेरणा र प्रोत्साहन दिइनुपर्छ । यस शिक्षालाई निरन्तरता दिन हाल विद्यमान तरिका अपर्याप्त छन् । यसलाई विद्यालयको पाठ्यक्रममा समावेश गराउने, निजी विद्यालय खोल्न सकेमा यस शिक्षाले अझ गति लिन सकिने छ । त्यस्तै यस शिक्षाको महाविद्यालय एवं विश्वविद्यालयको स्थापना गर्नु एवं स्थापनार्थ नेपाल सरकारलाई दवाब एवं प्रोत्साहन गर्नु पनि परियत्ति केन्द्रको अर्को कार्य हुनुपर्दछ ।

*– पंचराज शाक्य (परियत्ति ज्योति - ५ बाट)*

**६) तपाई परियत्ति शिक्षामा कस्तो सुधार होस् भन्नेल चाहनु हुन्छ ?**

परियत्ति शिक्षा बुद्धभूमि नेपालको शिक्षा जगतको निमित्त एक अपरिहार्य आवश्यकता हो । यहाँ परियत्ति शिक्षाले रजत जयन्ती पार गरिसकोको धेरै बर्ष बितिसके तापनि अधिराज्यका बिभिन्न जनजाति समुदायमा यि शिक्षाको प्रचार प्रसार हुन सकेको छैन । तसर्थ नेवार समुदायमा, शहरमा मात्र सीमित नराखी गाउँ ठाउँमा पनि पुरयाएर समुदाउकै आ आफ्नो मातृभूमिबाट अध्ययन, अध्यापनका सअवसर प्राप्त होस् विस्तार होस् भन्ने किसिमको सुधार चाहन्छु । यस सन्दर्भमा नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्र अन्तर्गत"परियत्ति पुस्तक प्रकाशन समिति " स्थापना गर्नुपर्ने आवश्यकता ठान्दछु । जहाँबाट परियत्ति सम्बन्धि पुस्तकहरू जनजातिहरूको भाषाबाट प्रकाशित गरी विस्तार गर्न सकून ।

*– श्री शुकराज शाक्य (परियत्ति ज्योति-६)*

**७) तपाईको विचारमा परियत्ति शिक्षामा शिक्षक शिक्षिकाहरूको भूमिका कस्तो हुनुपर्छ ?**

मेरो विचारमा परियत्ति शिक्षामा शिक्षक शिक्षिकाहरूको भूमिका भन्नाले निम्न लिखित शैक्षिक गुणहरू विद्यमान हुनु आवश्यक छ ।
क) विषय वस्तुको उच्च ज्ञान । ख) शिक्षण कौशल ग) बाल मनोविज्ञान । घ) शिक्षा पद्धतिको ज्ञान । ङ) शिक्षण विधि र शिक्षण सामाग्रीको ज्ञान । च) जिज्ञासु र अध्ययनशील । छ) प्रयोग र अनुसन्धानमा क्षमता । ज) सिकाइ प्रक्रियाको ज्ञान ।

*– बाबुरत्न नापित (परियत्ति ज्योति - ७ बाट)*

**८) तपाईले बौद्ध परियत्ति शिक्षा अध्ययन गरेका र नगरेका बच्चाहरूमा के अन्तर पाउनु भएको छ ?**

बौद्ध परियत्ति शिक्षा अध्ययन गर्नु भनेको भगवान बुद्धले देशना गर्नु भएको धर्म उपदेशलाई केही न केही रूपमा जानकारी हासिल गर्नु हो । बुद्धको उपदेश मानव जीवन सफल पार्ने मार्ग निर्देशन हो । बुद्धधर्ममा लोकोत्तर अवस्थाको कुरा मात्र छैन यसमा लौकिक बिधि व्यवहारको कुरा पनि छ । घर व्यवहार र समाजमा बस्दा अपनाउनु पर्ने नीति ( नियम र पारस्परिक कर्तव्यहरू बुद्धको उपदेशमा विद्यमान छ । परियत्ति अध्ययन गर्दा यस्ता कुराहरू थाहा पाउन सकिन्छ ।

बौद्ध परियत्ति पढेका बालकहरू बुद्धको उपदेशमा भएको आदर्श र शिक्षालाई अध्ययन गरी सच्चरित्रवान बनेका छन । उच्च आदर्श भएका व्यक्तिहरूको जीवनी अध्ययन गर्न पाएकाले उनीहरू पनि घर, विद्यालय र समाजमा भएका मान्यजनहरूलाई मान सम्मान एवं शिष्ट व्यवहार देखाउने बानी हुनुको साथै अमल पदार्थको दुर्व्यसनीबाट टाढा रहेका छन् । पाली भाषाको व्याकरण पनि अध्ययन गरेको हुनाले व्याकरणिक र उच्चारणिक शुद्धता पनि पाइएका छन् । परियत्तिको साथ (साथै ध्यान भावनाको अभ्यासले उनीहरू धैर्यवान, दयावान, क्षमाशील तथा चेत्तनशील भई व्यवहारिक कुशलताले युक्त आदर्श बालकको व्यक्तिको

रूपमा रहन सक्छ। स्कूलको शिक्षा मात्र लिएका बालकहरू बुद्धिमानी तथा चलाख हुनसक्छन् तर परियत्ति शिक्षाको ज्ञान नभएकाहरूमा धैर्यता, सहनशक्ति तथा आदर गौरवको भाव कम भई रूखो, घमण्डी स्वभाव तथा कुसँगतमा परी दुर्व्यसनीमा लाग्नसक्ने सम्भावना बढी छ।

*- भिक्षु बोधिज्ञान (परियत्ति ज्योति - ८ बाट)*

**९) परियत्ति शिक्षाको भविष्य कस्तो देख्नु हुन्छ ?**

नेपाल बौद्ध परियत्ति शिक्षाको स्थापनाकाल वि.स. २०२० को र अहिलेको सामाजिक परिस्थितिमा निकै अन्तर भइसकेको हामी पाउँछौं। त्यसताका स्कूल एवं क्याम्पसका विद्यार्थीहरूलाई पठन पाठन एवं अन्यमा शायद त्यति बोझ थिएन जति अहिलेकाहरूलाई छ। त्यसबेला रजत जयन्ति अगाडिसम्म विशेषत: स्कूलका विद्यार्थीहरूलाई शनिबारको दिन मिलाई शाखा केन्द्रहरूमा पनि नियमित पठन पाठन गर्दै आइरहेको थियो। हाल ती स्थानहरूमध्ये केही स्थानमा मात्र परियत्ति शिक्षा संचालन भइरहेको पाउँछौं। तसर्थ स्थापनाकालदेखि नै विशेष योगदान दिँदै आउनु भएका भन्ते, गुरूमाँहरूको तर्फबाट विहार मा आउने बालबालिकाहरूलाई विशेष प्रोत्साहन दिई परियत्ति शिक्षा अध्ययन गराउँदै जाने प्रवृति बढाउदै लगेमा ती बालबालिकाहरू परियत्ति शिक्षा सिक्न उत्सुक हुन्छ। यसरी परियत्ति शिक्षालाइ विस्तारै भविष्यसम्म स्थायित्व गर्ने यो प्रमुख माध्यम हो। परियत्ति शिक्षामा लागि रहेका व्यक्तिहरूले निरन्तर रूपमा लागि रहने हो भने सबैले आफ्नो दक्षता र क्षमता अनुरूप प्रचार प्रसारमा टेवा दिँदै जाने हो भने रजत जयन्ति मनाए जस्तै स्वर्ण जयन्ति पनि सजिलै पार गर्न सकिने कुरामा शंकै छैन। परियत्ति शिक्षाको व्यापकता भविष्यसम्म अझ बृद्धि गर्दै लग्ने हो भने यसको परीक्षा माध्यम नेपाली भाषाबाट हुनुपर्ने आवश्यकता देखिन आएको छ। कारण हाल नेपाल अधिराज्यमा थारू, तामाङ्ग, मगर आदि जनजातिहरू पनि आफ्नो स्वधर्म बुद्धधर्मप्रति आकर्षित हुँदै आइरहेको छ, तिनीहरूलाइ समेत्न पाठ्यक्रमका पुस्तकहरू नेपालीमा अनुवाद गरी तिनीहरू समक्ष पुऱ्याउनु पर्ने आवश्यकता देखिन आएको छ। यदि यसो गर्न सकेमा परियत्ति शिक्षाको भविष्य निकै राम्रो हुनेछ।

*- रत्न सुन्दर शाक्य*

**१०) तपाई एक विद्यार्थी एवं शिक्षकको नाताले परियत्ति शिक्षामा कस्ता किसिमका सुधारहरू आवश्यक छन् जस्तो लाग्छ ?**

मेरो विचारमा परियत्ति शिक्षामा निम्नलिखित कुराहरूमा सुधार आवश्यक छ जस्तो लाग्छ।

क) पाठ्य सामाग्रीमा राखिएका पुस्तकहरू जटिल शब्दमा नभई सबैले बुझ्ने खालको हुनुपर्छ। तसर्थ अहिलेका कतिपय नेपाल भाषाका पुस्तकहरूलाई सरलीकरण गरिएमा धेरै राम्रो हुन्छ।

ख) समयमै पाठ्यपुस्तक उपलब्ध नभई पढाइमा पुग्ने बाधाप्रति केन्द्रको ध्यान जानुपर्छ।

ग) प्रवेश प्रथम वर्षमा किताब बढी हुनु।

घ) पालि भाषाको शिक्षक उपलब्ध नहुनु।

यस्ता किसिमका समस्याहरूलाई परियत्ति प्रधान केन्द्रले बुझी समाधानतर्फ कदम चालि समय समयमा केन्द्रका जिम्मेवार मान्छेहरूबाट ठाउँ ठाउँको परियत्ति केन्द्रहरूमा गई रेखदेख गरेको खण्डमा अवश्य पनि परियत्ति शिक्षामा उल्लेखनीय प्रगति देख्न सकिने छ। अन्यथा यसको भविष्य अन्योलपूर्ण छ भन्नुमा कसैको शायद दुइमत नरहला।

*प्रवीण रत्न बज्राचार्य*

**११) नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन पश्चात यसको सैद्धान्तिकताले व्यावहारिक काममा कस्तो प्रभाव पारेको छ ?**

परियत्ति शिक्षा अध्ययनबाट आफ्नो जीवनमा सकारात्मक परिवर्तन ल्याएको छ। भौतिक र मानसिक प्रवाहमय यो जीवनमा परियत्तिको अध्ययन अति नै महत्वपूर्ण छ। शीलवान र सदाचरणमा लाग्न प्रेरणा दिइरहेका छ। आर्थिक एवं व्यावहारिक कियाकलापमा पनि इमान्दारीपूर्वक काम सम्पादन गर्न आफूलाई धेरै प्ररित गरिरहेको छ। मनुष्य जन्म दुर्लभ छ र यस्तो मनुष्य जन्म त्यतिकै खेर फाल्नु हुँदैन, आफ्नो र अर्काको भलाइको लागि केही न केही गर्नुपर्छ भन्ने भावनाले सधैं अगाडि बढ्न प्रेरणा मिलिराखेको हुन्छ।

*- सबिता धाख्वा (परियत्ति ज्योति-११)*

**१२) बौद्ध परियत्ति शिक्षाको अध्ययनको क्रममा माथिका कक्षामा पुगेपछि प्राय: जसोले छोड्दै गएको पाइन्छ।यसको खास कारण के होला ?**

बौद्ध परियत्ति शिक्षाको अध्ययनको क्रममा माथिका कक्षामा नियमित पढे पनि माथिल्लो कक्षामा पुगेपछि क्रमश: छोड्दै जाने कारणहरू

क) पाठ्यपुस्तकको भार बढ्दै जानुको साथै संकलन गर्न गाह्रो।

ख) दक्ष शिक्षकहरूको कमी।

ग) प्राय: गरी प्रवेश द्वितीय बर्षसम्म लगातार पढ्दै जान्छ। प्रवेश वर्ष अध्ययन गर्ने समयमा स्कूलको अध्ययन क्रममा ९, १० कक्षा पढ्ने समय पर्दा क्षीक्षा को लागि पूरा प्राथमिकता दिदै जाने।

घ) परियत्ति शिक्षालाई सरकारी स्तरबाट मान्यता प्राप्त नभएको।

ङ) यस शिक्षाबाट रोजगारको रूपमा कुनै सुविधा अथवा मान्यता प्राप्त नभएको।

च) आय आर्जन तर्फ Scope छैन।

छ) शिक्षकहरूले आफ्नो समय निकालेर पढाउन आउनु पर्ने।

यी कारणहरूले गर्दा माथिका कक्षामा पुगेपछि छोड्दै गएको हो।

*- सति धाख्वा (परियत्ति ज्योति - १२ बाट)*

**१३) तपाईको पेशामा बौद्ध परियत्ति शिक्षाले कुनै सहयोगी भूमिका निर्वाह गरेको छ कि छैन ?**

तपाईले प्रश्न सोध्नु भयो कि बौद्ध परियत्ति शिक्षाले मेरो पेशामा कुनै सहयोगी भूमिका निर्वाह गरेको छ कि भनेर। तर मेरो विचारमा यस शिक्षा कुनै पेशामा मात्र सहयोग गर्ने शिक्षा होइन। यो त मानव मात्रको जीवनमा सुधार गराउन सक्ने शिक्षा हो। बुद्धको शिक्षा कुनै पेशा अपनाउनको लागी होइन। यो जीवन जिउनको लागि नभई नहुने ज्ञानको आधार हो। हो त अवश्य पनि मेरो पेशामा पनि यसले सहयोगी भूमिका निभाएको छ। किनभने म शिक्षण पेशामा छु। जहिले पनि मैले यस्तो सोच्न सक्ने भएको छु कि मेरो अध्यापनबाट विद्यार्थीहरूको भविष्य बनोस्।
मैले अध्यापनमा हेलचक्र्याँइ गर्न सक्दिन। शायद बौद्ध शिक्षाले प्रदान गरेको मेरो नैतिकता जागेको होस्। नत्रभने कलेजमा कतिपय यस्ता शिक्षकहरू पनि देख्ने गरेको छु जसले पुरै sincere भएर काम गर्दैनन्। lecture दियो सिध्यो, आफ्नो तलब पाक्यो, सिध्यो। मैले भने यस्तो स्वार्थी भावना ल्याउन सक्दिन। शायद मुटु भित्रसम्म गाडेको मेरो बौद्ध शिक्षाको प्रभाव हो।

**- रीना तुलाधर (परियत्ति ज्योति - १३ बाट)**

**१४) तपाईको विचारमा अहिलेको परिवेश र अवस्थामा बौद्ध परियत्ति शिक्षाको कतिको आवश्यकता छ जस्तो लाग्छ ?**

सर्वविदितै छ, अहिलेको परिवेश भनेको हिंसा, अत्याचार, कोलाहलले भरिएको छ। मानव अस्तित्व नै संकटमा परेको छ। बुद्ध जन्मेको देश अनि विश्वशान्तिको मुहान यो देशमा आज शान्ति हराएको छ, कस्तो विडम्बना यस्तो परिवेशका बुद्धका दु:ख नदिनु, नमार्नु, नचोर्नु, व्यभिचार भ्रष्टाचार नगर्नु, असत्य नबोल्नु, अम्मल-नशालु पदार्थ सेवन नगर्नु आदि जस्ता उपदेशहरूलाई राम्ररी जानेर, बुझेर, व्यवहारमा पालन गर्नु भनेकै आफ्नो र अरूको हितको(कल्याण) गर्नु हो, शान्ति स्थापना गर्नु हो। बुद्ध सन्देशले भरिएको परियत्ति शिक्षा नै त्यस्तो माध्यम बन्न सक्छ, जसले मान्छेलाई वास्तवमै मान्छे बनाउँछ अनि मान्छे भई मान्छेलाई मान्छे जस्तो व्यवहार गर्न सिकाउँछ।

*- भिक्षु संघरक्षित (परियत्ति ज्योति-१६)*

## साधुवाद ज्ञापन

दीवंगत कुलरत्न तुलाधरको पुण्यस्मृतिमा
चिनीमाया तुलाधर, सपरिवार
तीनधारा,कुलरत्न मार्गबाट यस अंक
प्रकाशन गर्नको लागि प्रायोजन गरिदिनु भएको
छ। उहाँहरूलाई नेपाल बौद्ध परियत्ति शिक्षा
साधुवाद व्यक्त गर्दछ।

## बु. सं. २५४९ दीक्षान्त समारोहमा नगद पुरस्कार, पदक तथा उपहार दाताहरु

| क्र. सं. | विद्यार्थी | केन्द्र | कक्षा | श्रेणी | पदक दाता | जितबहादुर बज्राचार्य, पुल्चोक रू.६६,०० | प्रज्ञानन्द स्मृति सिरपा रू. ३,००० | सानुराजा, शोभा शाक्य,थैना, रू ३,०००/ | त्रिरत्नकीर्ति विहार, कीर्तिपुर रू. ३,५०० | लक्ष्मी शाक्य, कीतिपुर रू २,८०० | अ.सुशीला स्मृति सिरपा (चैत्य) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | संगिता शाक्य | दीपंकर परियत्ति शिक्षालय, नागबहाल | १० | बोर्ड प्रथम | आर.बी. बन्ध, 'यूख' | रू. १,०००/ | रू. ६,००/ | | | | कृष्णमान शाक्य शान्तिनगर |
| २ | सामणेर जनक | विश्वशान्ति विहार, मीनभवन | १० | २ | | | रू. ६,००/ | | | | |
| ३ | पुष्पाञ्जली शाक्य | शाक्यसिंह परियत्ति शिक्षालय, थैना | ७ | बोर्ड प्रथम | रत्नु मानन्धर,भोछें | रू. ७,००/ | रू. ६,००/ | | | | बुद्धदास शाक्य स्वार्को |
| ४ | शैसव कुमार श्रेष्ठ | प्रणिधिपूर्ण महाविहार, बलम्बु | ७ | बोर्ड द्वितीय | तारादेवी शाक्य ओकुबहाल | रू. ५,००/ | रू. ६,००/ | | रू. ५,००/ | | |
| ५ | उषाधरनर तुलाधर | धर्मकीर्ति विहार, श्रीघ | ७ | बोर्ड तृतीय | अष्टरत्न, रत्नदेवी धाख्वा,नागबहाल | रू. ३,००/ | रू. ६,००/ | | | रू. ४,००/ | |
| ६ | आनन्द शाक्य | धर्मकीर्ति विहार, श्रीघ | ६ | बोर्ड प्रथम | धर्मबहादुर धाख्वा कृष्णगल्ली | रू. ६,००/ | | रू. ५,००/ | | | |
| ७ | लुइस महर्जन | संघाराम विहार, क्षेत्रपाती | ६ | बोर्ड द्वितीय | तीर्थबहादुर मानन्धर चसान | रू. ४,००/ | | | रू. ५,००/ | | दानमान शाक्य शान्तिनगर |
| ८ | प्रेमलता तुलाधर | धर्मकीर्ति विहार, श्रीघ | ६ | बोर्ड तृतीय | धनबहादुर नकर्मी ढल्को | रू. २,००/ | | | | रू. ४,००/ | |
| ९ | रोजिता बुद्धाचार्य | संघाराम विहार, क्षेत्रपाती | ५ | बोर्ड प्रथम | पञ्चवीरसिंह,पुष्पादेवी तुलाधर,लाजिम्पाट | रू. ५,००/ | | रू. ५,००/ | | | |
| १० | बिनिता बुद्धाचार्य | संघाराम विहार, क्षेत्रपाती | ५ | बोर्ड द्वितीय | पञ्चवीरसिंह,पुष्पादेवी तुलाधर,लाजिम्पाट | रू. ३,००/ | | | रू. ५,००/ | | |
| ११ | रामदेवी महर्जन | परोपकार उच्च मा.वि., भिमसेनस्थान | ५ | बोर्ड तृतीय | पञ्चवीरसिंह,पुष्पादेवी तुलाधर,लाजिम्पाट | रू. २,००/ | | | | रू. ४,००/ | |
| १२ | आबिन्द्र तुलाधर | अमरापुर बुद्ध विहार, बुङ्गमति | ४ | बोर्ड प्रथम | दुण्डबहादुर वज्राचार्य वनबहाल | रू. ४,००/ | | रू. ५,००/ | | | |
| १३ | सबिना महर्जन | अमरापुर बुद्ध विहार, बुङ्गमति | ४ | बोर्ड द्वितीय | प्रेमलाल श्रेष्ठ, नयाँबानेश्वर | रू. २,००/ | | | रू. ५,००/ | | |
| १४ | राजकुमारी दुरा | आनन्दकुटी विहार, स्वयम्भू | ४ | बोर्ड तृतीय | बाबुकाजी शाक्य लगन्खेल | रू. १,००/ | | | | रू. ४,००/ | |
| १५ | सुकृती महर्जन | प्रणिधिपूर्ण महाविहार, बलम्बु | ३ | बोर्ड प्रथम | मोतिलाल शिल्पकार मानभवन | रू. ३,००/ | | रू. ५,००/ | | | |
| १६ | श्रामणेर धम्मघोष | विश्वशान्ति विहार, मीनभवन | ३ | बोर्ड द्वितीय | संघरत्न शाक्य भक्तपुर | रू. १,००/ | | | रू. ५,००/ | | |
| १७ | रबिना मानन्धर | संघाराम विहार, क्षेत्रपाती | ३ | बोर्ड तृतीय | पन्नादेवी ताम्राकार चिकंमुगल | रू. १,००/ | | | | रू. ४,००/ | |
| १८ | अनिता बुद्धाचार्य | संघाराम विहार, क्षेत्रपाती | २ | बोर्ड प्रथम | जगतमाया मानन्धर चसान | रू. २,००/ | | रू. ५,००/ | | | |
| १९ | पुनम थापा | आनन्दकुटी विहार, स्वयम्भू | २ | बोर्ड द्वितीय | लक्ष्मी मानन्धर कालीमाटी | रू. १,००/ | | | रू. ५,००/ | | |
| 20 | संगिना बज्राचार्य | विश्वशान्ति विहार, मीनभवन | २ | बोर्ड तृतीय | हेराबहादुर मानन्धर भीमसेनस्थान | रू. १,००/ | | | | रू. ४,००/ | |
| २१ | श्रामणेर उत्तरो | विश्वशान्ति विहार, मीनभवन | १ | बोर्ड प्रथम | शकुन्तला प्रधान ठमेल | रू. १,००/ | | रू. ५,००/ | | | |
| २२ | सुमन महर्जन | त्रिरत्नकीर्ति विहार, कीर्तिपुर | १ | बोर्ड द्वितीय | मैत्री शाक्य प्रयागपोखरी | रू. १,००/ | | | रू. ५,००/ | | |
| 23 | पूजा रंजित | बोधिचर्या विहार, बनेपा | १ | बोर्ड तृतीय | चन्द्रबहादुर मानन्धर, चसान | रू. १,००/ | | | | रू. ४,००/ | |

# अ.ने.भि.महासंघको साधारण सभा सम्पन्न

मिति २०६३ आषाढ १० गते विश्वशान्ति बिहार, मीनभवनमा अखिल नेपाल भिक्षु महासंघको १४ औं साधा-रण सभा सम्पन्न भयो । उक्त सभा अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्वमा सम्पन्न उक्त सभामा संघउपनायक भिक्षु अश्वघोष महास्थविरबाट अववाद उपदेश भएको थियो । सभाको प्रथम चरणमा सचिव भिक्षु कोण्डन्यले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष भिक्षु बोधिज्ञानले महासंघको आर्थिक प्रतिवेदन र परियत्ति शिक्षाको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो ।

सभाको द्वितीय चरणको बन्द सत्रमा महासंघबाट प्रस्तुत भएको विभिन्न एजेण्डाहरूमा भएको छलफलमा भिक्षु मैत्री, भिक्षु धर्मपाल, भिक्षु आनन्द, भिक्षु सद्धातिस्स, भिक्षु कोलित, भिक्षु बरसम्बोधि, भिक्षु सुशिल, भिक्षु संघरक्षित, र भिक्षु धर्ममुर्तिबाट आ-आफ्नो विचार राख्नुभएको थियो । त्यहाँ प्रस्तुत भएको विभिन्न कुरालाई लिएर महासंघका सचिव भिक्षु कोण्डन्यले स्पष्टीकरण दिनुभएको थियो । कार्यक्रम भिक्षु भद्दियले सञ्चालन गर्नुभएको थियो ।

# परियत्ति शिक्षालाई विशेष सहयोग

१) भुरूंगखेल, काठमाडौंका श्री त्रिभूवनधर तुलाधरले आफ्ना दीवंगत माता हेराशोभा तुलाधरको पुण्यस्मृतिमा नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालयको कोठाको लागि कार्पेट प्रदान गरी सहयोग पुऱ्याउनुभएको छ ।

२) जावलाखेल निवासी मोतीलाल शिल्पकारले आफ्नो जन्मदिनको अवसर पारेर नेपाल बौद्ध परियत्ति शिक्षाको परियत्ति सद्धम्म कोविद प्रथम वर्षको लागि भाग–४ पाठ्यपुस्तक प्रकाशन गरि दिनु भई सहयोग पुऱ्याउनुभएको छ ।

३) जावलाखेल, ललितपुरका श्री ठाकुरमान शाक्यले विभिन्न परियत्ति केन्द्रहरूका पुस्तकालयको लागि धर्मरत्न शाक्य 'त्रिशुली' द्वारा लिखित विभिन्न पुस्तकहरू प्रदान गर्नुभएको छ । उहाँहरू सबैलाई नेपाल बौद्ध परियत्ति शिक्षा हार्दिक आभार व्यक्त गर्दछ ।

# स्वयम्भू धर्म पासा पुचःका दाताहरूको तर्फबाट विभिन्न पुरस्कार

स्वयम्भू धर्म पासा पुचः स्वयम्भूको दाताहरूको तर्फबाट नेपाल बौद्ध परियत्ति शिक्षाको बु.सं. २५४९ (बि.सं. २०६१) वर्षको परीक्षामा विभिन्न कक्षामा बोर्ड स्थान प्राप्त तथा उच्चतम अंक ल्याउने विद्यार्थीहरूलाई हौसला र प्रेरणा दिने उद्देश्यले यस वर्ष एउटा छुट्टै कार्यक्रम गरेर विद्यार्थीहरूलाई नगद पुरस्कारले पुरस्कृत गर्ने भएको छ । उक्त पुरस्कारका रकमहरू यसप्रकार रहने छन् –

*(क) कोविद अन्तिम वर्ष (१० कक्षा) मा बोर्ड ल्याउनेलाई - रू. १०,०००/- र परीक्षा दिलाउने केन्द्रलाई रू. - ५,०००/- बोर्ड नआएमा उच्चतम अंक ल्याउनेलाई - रू. ५,०००/- परीक्षा दिलाउने केन्द्रलाई रू. - ३,०००/-*

(ख) कोविद मध्यम वर्ष (कक्षा ९) र कोविद प्रथम वर्ष (कक्षा ८) मा उच्चतम अंक ल्याउने एक/एकजना विद्यार्थीलाई रू. १,०००/-

(ग) परियत्ति सद्धम्म पालक (कक्षा ७) मा बोर्ड प्रथम हुनेलाई रू.११,००/-

(घ) प्रवेश तृतीय वर्ष (कक्षा ६) देखि प्रारम्भिक प्रथम वर्ष (कक्षा १) सम्म बोर्ड प्रथम हुनेहरूलाई रू. ५,००/-

# दीक्षान्त समारोहको लागि सहयोग

मिति २०६३ साल आषाढ १७ गते शनिबार सम्पन्न हुने बु.सं. २५४९ (बि. सं. २०६२) सालको ने. बौ. प. शि. को दीक्षान्त समारोहमा पुरस्कार वितरणको लागि प्रेमशोभा भोजन पुचःबाट रू. १०००/-, सुचित्रमान शाक्य, ज्वागलबाट निमन्त्रणा कार्ड र ब्यानर लेखनको लागि रू. १५००/- र चन्द्रशोभा शाक्य, सरस्वति ननिबाट रु. ५००/- आर्थिक सहयोग प्रदान गर्नुभएको छ । त्यस्तैगरेर सुखी होतु नेपाल, काठमाडौंबाट नेपाली र अंग्रेजी भाषाका विभिन्न पुस्तकहरू, भिक्षु संघरक्षितबाट विभिन्न पुस्तकहरू, दुण्डबहादुर वज्राचार्यबाट मिलिन्द प्रश्न नेपाल भाषाको ५० वटा, बेखारत्न शाक्य, सानेपाबाट अजातशत्रु पुस्तक ७० वटा प्रदान गर्नुभएको छ । त्यस्तै पुर्णराज शाक्य, नागबहालबाट स्वर्ण, रजत र काश्य पदकमा निःशुल्क गिल्टी गरी सहयोग पुऱ्याउनु भएकोले उहाँहरुप्रति नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालय, नयाँ बानेश्वर उहाँहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

# आह्वान

विगत ४३ वर्ष अगाडिदेखि निरन्तररूपमा संचालन हदै आएको नेपाल बौद्ध परियत्ति शिक्षाको विकास र अभिवृद्धिको लागि तपाईहरूले निम्न प्रकारले सहयोग गर्नसक्नु हुनेछ :-

(क) प्रधान केन्द्रबाट हुने दीक्षान्त समारोह र शाखा केन्द्रहरूमा हुने पुरस्कार वितरण कार्यक्रममा सहयोग जुटाएर ।

(ख) विभिन्न ठाउमा अध्यापन गराउन जाने परियत्ति शिक्षाको शिक्षक/शिक्षिकाहरूलाई गाडी भाडाको प्रायोजन गरेर ।

(ग) परियत्तिका विभिन्न तहका पाठ्यपुस्तकहरू प्रकाशन गरिदिएर ।

(घ) परियत्ति सभाको सदस्य बनेर ।

(ङ) विद्यार्थीहरूलाई पाठ्यपुस्तक तथा स्टेशनरीका सामानहरू उपलब्ध गराई हौसला बढाएर ।

(च) आ-आफ्ना बाल-बालिकाहरूलाई पायक पर्ने केन्द्रमा परियत्ति शिक्षा पढ्न दिएर ।

## बु.सं. २५४९ (वि.सं. २०६२/६३) परीक्षा परिणाम

| स | केन्द्र | आवेदन दिने | परीक्षा दिने | बोर्ड | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | जम्मा उत्तीर्ण |
|---|---|---|---|---|---|---|---|---|
| १ | शाक्यसिंह परियत्ति शिक्षालय, थैना | १०१ | ७६ | १ | २६ | २७ | १६ | ७० |
| २ | धर्मकीर्ति विहार, श्रीघः | १०५ | ८० | ३ | ३८ | ७ | ४ | ७२ |
| ३ | गणमहाविहार, गणबहाल | २७ | १५ | ० | ९ | २ | २ | १३ |
| ४ | यशोधरा मा.वि., थैना | ५२ | ३२ | ० | १६ | १२ | ० | २८ |
| ५ | श्रीकीर्ति विहार, कीर्तिपुर | ३९ | २५ | ० | ८ | ६ | ८ | २२ |
| ६ | प्रणिधिपूर्ण महाविहार, बलम्बु | ६६ | ५३ | २ | १९ | १७ | ४ | ४२ |
| ७ | ज्योति विहार,चापागाउँ | ४९ | ३० | ० | २१ | ७ | १ | २९ |
| ८ | दीपंकर परियत्ति शिक्षालय, नागबहाल | ९४ | ५६ | १ | २२ | १८ | ७ | ४८ |
| ९ | मुनि विहार, भक्तपुर | ५० | ४७ | ० | २९ | ६ | ८ | ४३ |
| १० | जितापुर गन्धकुटी विहार, खोकना | ३२ | २५ | ० | ११ | ८ | ३ | २२ |
| ११ | परोपकार उच्च मा.वि., भिमसेनस्थान | ९३ | ५७ | १ | २० | १० | २१ | ५२ |
| १२ | अमरापुर विहार,बुंगमती | २३ | १५ | २ | १२ | १ | ० | १५ |
| १३ | विश्वशान्ति विहार, मीनभवन | ७१ | ४६ | ३ | २२ | ९ | ७ | ४१ |
| १४ | सिद्धिमंगल बुद्ध विहार, थसि | २५ | १३ | ० | ३ | ६ | २ | ११ |
| १५ | वेलुवनाराम विहार, ठेचो | ३९ | २३ | ० | १७ | ५ | ० | २२ |
| १६ | भास्सरा मा. वि.,पूर्णचण्डी | १४३ | ० | ० | ० | ० | ० | ० |
| १७ | बौद्धजन विहार, सुनाकोठी | २० | १८ | ० | ३ | ९ | ६ | १८ |
| १८ | आनन्दकुटी विहार, स्वयम्भू | ४६ | २९ | २ | १३ | १० | ३ | २८ |
| १९ | संघाराम विहार, क्षेत्रपाती | ८० | ६० | ५ | २९ | ९ | १७ | ६० |
| २० | लुम्बिनी परियत्ति केन्द्र, लुम्बिनी | २१ | २० | ० | १३ | ६ | १ | २० |
| २१ | जगतसुन्दर ब्वनेकुथी, डल्लु | २१ | १६ | ० | १२ | १ | २ | १५ |
| २२ | बोधिचर्या विहार, बनेपा | ४२ | ३६ | १ | २५ | ६ | २ | ३४ |
| २३ | सुवर्ण छत्रपुर विहार, लुभू | ५१ | २९ | ० | ९ | ७ | ५ | २१ |
| २४ | ज्ञानज्योति परियत्ति केन्द्र ठमेल | ३६ | ३० | ० | १५ | ७ | १ | २३ |
| २५ | लोकाकीर्ति महाविहार, नकबहिल | १७ | १७ | ० | ६ | ९ | २ | १७ |
| २६ | सुलक्षणकीर्ति विहार, चोभार | २४ | २० | ० | १४ | ५ | ० | १९ |
| २७ | त्रिरत्नकीर्ति विहार, कीर्तिपुर | ४६ | २८ | १ | १९ | २ | ४ | २६ |
| २८ | रानीपानी परियत्ति केन्द्र, काभ्रे | २४ | २० | ० | १० | ५ | २ | १७ |
| २९ | कान्ति इश्वरी मा.वि., प्याफल | ४४ | २० | ० | ४ | ४ | ९ | १७ |
| ३० | बुद्ध विहार, विराटनगर | ३४ | २२ | ० | १३ | १ | ७ | २१ |
| ३१ | यशोधरा बौद्ध विहार (गुम्बा), झापा | ५७ | २९ | ० | १६ | ९ | ३ | २८ |
| ३२ | कन्या मन्दिर उच्च मा.वि, न्ह्योखा | २७ | १० | ० | १ | २ | ७ | १० |
| ३३ | शान्तिवन, गोदावरी | १६ | १६ | ० | १४ | २ | ० | १६ |
| ३४ | बुद्धभूमि बौद्ध परियत्ति केन्द्र, टोखा | ४८ | ४६ | ० | ३४ | ७ | ५ | ४६ |
| ३५ | नगदेश बुद्ध विहार, नगदेश | २५ | २४ | ० | १९ | ३ | २ | २४ |
| ३६ | आनन्दकुटी विद्यापीठ, स्वयम्भू | ९६ | ४३ | ० | ४ | ११ | ९ | २४ |
| ३७ | ललित विकास नि.मा.वि., कुटीसौगल | ५५ | ३२ | ० | ८ | ४ | १५ | २७ |
| ३८ | दरबार हाइस्कूल, रानीपोखरी | १९ | ११ | ० | ६ | ४ | १ | ११ |
| ३९ | अन्तर्राष्ट्रिय बुद्ध परियत्ति उदय विहार, बुटवल | ६४ | ५९ | ० | २० | २६ | १२ | ५८ |
| ४० | धर्मशाला बुद्ध विहार, पोखरा | २४ | १० | ० | ० | १ | ६ | ७ |
| ४१ | आनन्द विहार, तानसेन | ५४ | ४१ | ० | ४० | ० | ० | ४० |
| ४२ | सुगतपुर विहार त्रिशुली | २१ | १३ | ० | १ | २ | ६ | ९ |
| ४३ | नेपाल तम् बुद्धिष्ट गुम्बा, बेलबारी, मोरङ | ६६ | ३२ | ० | २३ | ३ | ६ | ३२ |
| ४४ | माझखण्ड बुद्ध विहार, माझखण्ड | २० | १७ | ० | ६ | ५ | ३ | १४ |
| | | २१०७ | १३४१ | २२ | ६५० | ३२१ | २१९ | १२१२ |

### बु.सं. २५४९ (वि.सं. २०६२/६३) परीक्षा परिणाम (प्राइभेट)

| स | केन्द्र | आवेदन दिने | परीक्षा दिने | बोर्ड | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | उत्तीर्ण |
|---|---|---|---|---|---|---|---|---|
| १ | डि.ए.भि. स्कुल, जावलाखेल | | ७३२ | | २७७ | २२१ | ११९ | ६१७ |
| २ | आदर्श सरल नि.मा.वि., नागबहाल | | ९६ | | ३० | २५ | ४२ | ९७ |
| ३ | लुम्बिनी परियत्ति केन्द्र, लुम्बिनी | | ४५ | | २९ | ९ | ७ | ४५ |
| | | | ८७३ | | ३३६ | २५५ | १६८ | ७५९ |

"अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित"
नेपाल बौद्ध परियत्ति शिक्षा
बु.सं. २५५० (वि.सं. २०६३)

# परीक्षा तालिका

समय :- बिहानको ७:३० – १०:३० बजे

| कक्षास्तर | माघ ६ गते शनिबार | माघ ८ गते सोमबार | माघ १० गते बुधबार | माघ १२ गते शुक्रबार |
|---|---|---|---|---|
| १. प्रारम्भिक प्रथम वर्ष | प्रथम पत्र | | | |
| २. प्रारम्भिक द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ३. प्रारम्भिक तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ४. प्रवेश प्रथम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ५. प्रवेश द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ६. प्रवेश तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र |
| कक्षास्तर | | | | |

| कक्षास्तर | १६ गते मंगल | १८ गते बिहि | २० गते शनि | २२ गते सोम | २४ गते बुध | २६ गते शुक्र |
|---|---|---|---|---|---|---|
| १. उपाधि परीक्षा (७) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | |
| २. कोविद अन्तिम वर्ष (१०) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |

| कक्षास्तर | १७ गते बुध | १९ गते शुक्र | २१ गते आइत | २३ गते मंगल | २५ गते बिहि | २७ गते शनि |
|---|---|---|---|---|---|---|
| १. कोविद प्रथम वर्ष (८) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| २. कोविद मध्यम वर्ष (९) | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |

परीक्षा सम्बन्धी अन्य जानकारीहरू :-

- ☐ परीक्षा प्रवेश शुल्क
  - (क) प्रा.प्र.वर्ष (कक्षा १) देखि प्र.तृतीय वर्षसम्म प्रतिपत्रको रू.१०/-
  - (ख) सद्धम्मपालक उपाधि – कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म प्रतिपत्रको रू.१५/-
- ☐ परीक्षा माध्यम - नेपाल भाषा र नेपाली
- ☐ मौखिक परीक्षा व्यवस्था - प्रारम्भिक तृतीय वर्ष (कक्षा ३) सम्म ।
- ☐ सद्धम्मपालक उपाधि देखि कोविद अन्तिम वर्ष सम्म ऐच्छिक विषय - पाली भाषा/अभिधर्म

..........................................................................................................

...............

- ☐ परीक्षाको आवेदन फाराम वितरण – वि.सं.२०६३ कार्तिक १ गते बुधबारदेखि ।
- ☐ आवेदन फाराम बुझाइसक्नुपर्ने – वि.सं.२०६३ मंसीर मसान्तभित्र ।
- ☐ प्रवेश-पत्र (अधकट्टी) वितरण – वि.सं.२०६३ पुष ७ गते शुक्रबार ।
- ☐ परीक्षार्थी नामावली र प्रवेश-पत्रमा त्रुटी सच्याई सक्नुपर्ने – वि.सं.२०६३ पुष १७ गते सोमबारभित्र।
- ☐ परीक्षा परिणाम प्रकाशन – वि.सं.२०६३ साल चैत्र १ गते बिहीबार सन्ध्या टाइम्स् दैनिकमा ।
- ☐ दीक्षान्त समारोह– वि.सं.२०६३ साल चैत्र २४ गते शनिवार सम्पन्न गर्ने ।

प्राइभेट परीक्षा सम्बन्धी जानकारी .

विशेष व्यवस्था भएको अनुसार पूर्व स्वीकृति बमोजिम प.स.पा.को प्रारम्भिक प्रथम वर्ष र प्रारम्भिक द्वितीय वर्षको परीक्षा आ-आफ्नो केन्द्रमा परीक्षा लिने, अनि परीक्षा फल मात्र केन्द्रीय कार्यालयमा पठाउने गरी परीक्षा लिन सकिनेछ । यस्ता केन्द्रमा वार्षिक परीक्षा हुने बेलामा प्रारम्भिक प्रथम वर्ष र द्वितीय वर्षको परीक्षा लिइनेछैन ।